# सखुवा प्रसौनी गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड १　　　　　　　संख्या १　　　　　　　मिति :२०७८/१२/१७

भाग- १

## सखुवा प्रसौनी गाउँपालिका

# सखुवा प्रसौनी गाउँपालिका को कर्मचारीहरुको व्यवस्थापन एंव समायोजन ऐन २०७८

प्रमाणिकरण मिति: २०७८/१२/१६

**प्रस्तावना :**

मुलुक संघीय संरचनामा गई कर्मचारी समायोजन ऐन २०७५ लागु भई सरकारी तथा अन्य सेवाबाट समायोजन भई निजामती सेवामा कर्मचारीहरु सखुवा प्रसौनी गाउँपालिकामा कामकाज गर्न खटीएका तर साविकको सखुवाप्रसौनी गाउँपालिका मा सेवा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत रहेका तथा अन्य स्थानीय निकायमा सेवा प्रवेश गरी हाल सखुवा प्रसौनी गाउँपालिकामा सरुवा भई आएका स्थायी रुपमा कार्यरत कर्मचारीहरुको हाल सम्म न्यायोचीत समायोजन हुन नसकेको कारण स्थानीय सेवामा प्रवेश गरी काम गरेका समग्र कर्मचारीको वृत्ति विकास नै अबरुद हुन गई त्यसको असर कार्यसम्पादनमा समेत परेकोले उसको निम्ति यथोचित सम्बोधन अपरीहर्य भएको हुदाँ साविकमा सखुवा प्रसौनीमा सेवा प्रवेश गरी कर्यरत स्थायी कर्मचारी र अन्य स्थानीय निकायमा सेवा प्रवेश गरी सखुवा प्रसौनी मा सरुवा / समायोजन तथा पदस्थापन भएका कर्मचारीहरुको तह वृदी तथा बढुवा सम्बन्धमा कानुनी व्यवस्था गरी कर्मचारी व्यवस्थापनलाई समान ,न्यायोचित र एकिकृत गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को दफा १ बमोजिम सखुवा प्रसौनी गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाई जारी गरेको छ ।

## परिच्छेद -१

**१) संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस ऐनको नाम"सखुवा प्रसौनी गाउँपालिकाको कर्मचारी व्यवस्थापन एंव समायोजन ऐन २०७८ "रहेको छ ।

(ख) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२ ) परिभाषा : विषय वा प्रसंग अर्को अर्थ नलनगेमा यस ऐनमा ,**

क) ऐन भन्नाले **"सखुवा प्रसौनी गाउँपालिकाको कर्मचारी व्यवस्थापन एंव समायोजन ऐन २०७८"**रहेको छ ।

ख) **"कर्मचारी "**भन्नाले साविकको स्थानीय निकाय (सुखवा प्रसौनी गाउँपालिका ,जिल्ला विकास सिमिति गाउँ विकास समिति)को स्वीकृती दरबन्दीमा स्थायी नियुक्ति भई यो ऐन जारी हुँदाका वखत सखुवा प्रसौनी गाउँपालिकामा स्थानीय सेवामा कार्यरत कर्मचारी सम्झनुपर्छ ।

ग) **"कार्यपालिका"** भन्नाले सुखवा प्रसौनी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ ।

घ) **"तोकिएको"** वा तोकिए बमोजिम भन्नाले यस ऐन र यस ऐन अन्तर्गत रही गाउँपालिकाले बनाएको अन्य कानुनमा तोकिएका कुरालाई सम्झनुपर्छ ।

ङ) **"गाउँ"** सभा भन्नाले सखुवा प्रसौनी गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ।

च) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्छ ।

छ) **"स्थानीय सेवा"** भन्नाले सुखवा प्रसौनी गाउँपालिका तथा सविकका अन्य निकायमा स्थायी पदपुर्ति भई हाल सम्म कार्यरत स्थायी कर्मचारीको सेवा समुहलाई सम्झनुपर्छ ।

ज) **"गाउँपालिका"** भन्नले सुखवा प्रसौनी गाउँपालिका सम्झनुपर्छ।

झ) **"स्थानीय कानुन"**भन्नाले सुखवा प्रसौनी गाउँपालिकाबाट जारी भएका कानुनलाई सम्झनुपर्छ ।

ञ) **"समिति"** भन्नाले दफा ९ बमोजिम गठित समितिलाई सम्नुपर्छ ।

## परिच्छेद २

## समायोजन मिलान सम्बन्धी व्यवस्था

**३ गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको समायोजन तह मिलान**

१ साविकको स्थानीय निकाय सुखवा प्रसौनी गाउँपालिका र अन्य स्थानीय निकाय (जिल्ला विकास समिति र गाउँ विकास समिति ) को स्वीकृत दरवन्दीमा स्थायी नियुक्त भइ यो ऐन जारी हुँदाको वखत सुखवा प्रसौनी गाउँपालिकामा कर्यरत स्थानीय सेवाका सबै कर्मचारी हरुलाई एकपटकको लागि देहाय वमोजिम तह मिलान तथा ग्रेड ( तलब बृदि )गरिने छ ।

| **साविकको तह** | **अवधी (वर्ष )** | **समायोजन गरिने तह** | **विगत तीन वर्षको कार्य सम्पादनको अंक** | **न्युनतम शैक्षिक यौग्यता** |
|---|---|---|---|---|
| श्रेणी बिहिन दोस्रो | | श्रेणी बिहिन तेस्रो | | |
| श्रेणी बिहिन तेस्रो(नगर प्रहरी ,वारुणयन्त्र र सरसफाई सहजकर्ता समेत ) | | श्रेणी बिहिन चौथो (नगर प्रहरी ,वारुणयन्त्र र सरसफाई सहजकर्ता समेत ) | | |
| श्रेणी बिहिन चौथो (नगर प्रहरी ,वारुणयन्त्र र सरसफाई सहजकर्ता समेत ) | | श्रेणी बिहिन पाचौ (नगर प्रहरी ,वारुणयन्त्र र सरसफाई सहजकर्ता समेत ) | | |
| सहायक स्तर तृतिय | ३ | सहायकस्तर चौथो | ९० प्रतिशत | दश कक्षा वा सो सरह उत्तिर्ण गरेको |
| सहायक स्तर चौथो | ३ | सहायक स्तर पाचौ | ९० प्रतिशत | प्रवेशिका वा सो सरह |
| सहायक स्तर पाचौ | ३ | अधिकृत स्तर छैठौ | ९० प्रतिशत | प्रविणता प्रमाणपत्र वा सो सरह |
| अधिकृत स्तर छैठौ | ४ | अधिकृत स्तर सातौ | ९० प्रतिशत | सम्बन्धित विषयमा स्नातक वा सो सरह |
| अधिकृत स्तर सातौ | ४ | अधिकृत स्तर आठौ | ९० प्रतिशत | सम्बन्धित विषयमा स्नातक वा सो सरह |
| अधिकृत स्तर आठौ | ४ | अधिकृत स्तर नवौ | ९० प्रतिशत | सम्बन्धित विषयमा स्नातक वा सो सरह |

२) उपदफा (१)मा जुन सुकै कुरा लेखिएको भएता पनि उपदफा (१) बमोजिमको न्युनतम शैशिक योग्यता नभएको तर सोही तहको स्थायी पदमा ९ वर्ष वा सो भन्दा बढी अवधी पुरा गरेको भए एक पटकको लागि एक तह वृदि गरिने छ ।

३) उपदफा (१) र (२) मा तोकिएको मापदण्ड मा नपर्ने र अविछिन्न रुपमा काम गर्नेहरुको हकमा २ ग्रेड थप गरिने छ ।

४) उपदफा (१) बमोजिम तह वृदि गर्दा साविकको पदमा ५ बर्ष सम्म काम गरेका कर्मचारीलाई कुनै थप सुविधा प्रदान गरिने छैन , तर साविकको पदमा ५ वर्ष भन्दा माथि काम गरेका कर्मचारीको हकमा भने ५ बर्ष देखि ७ बर्ष सम्मको लागि थप एक ग्रेड , ७ बर्ष देखि ९ बर्ष सम्मको लागि थप दुइ ग्रेड र ९ बर्ष देखि माथि ३ ग्रेड सुविधा दिइ सोही अनुरुप जेष्ठता समेत कायम गरिने छ ।

५) उपदफा (१) बमोजिमको पदनाममा सम्बन्धित सेवा वा समुह जनाई पदनाम कायम हुनेछ ।

६) यस दफा बमोजिम गाउँपालिका स्थानीय सेवामा कर्मचारीलाई समायोजन गर्दा कायम हुने तलव निजले साविकमा खाइपाई आएको तलब भन्दा कम हुने भएमा ग्रेड वृदि गरि तलव मिलान गरिनेछ ।

७) उपदफा (१) बमोजिम समायोजन स्वीकार गर्ने कर्मचारीहरुले समायोजन कायम हुने तहका निम्ति तोकिएको तलवमान र सुविधाहरु प्राप्त गर्नेछन् ।

**४. समायोजन तह मिलानको पत्र दिने**

१) यस ऐन वमोजिम सखुवा प्रसौनी गाउँपालिका स्थानीय सेवामा कर्मचारीहरुलाई प्रमुख प्रशाशकिय अधिकृतले यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भए पछि समायोजन तह मिलान ( तह बृदि) को पत्र दिनुपर्ने छ ।

२) उपदफा (१) बमोजिम दिईने पत्र अनुसुची १ बमोजिमको हुनेछ ।

**५. पदस्थापन गरिने :**

१) दफा ३ बमोजिम समायोजन भएका कर्मचारीहरुलाई समायोजन पश्चात पदस्थापन गर्नु अघि स्वत : पुल दरवनदीमा कायम भएको मानिने छ । यसरी समायोजन भइ पुल दरवन्दीमा कायम भएका कर्मचारीलाई सदस्थापन गर्नुपुर्वको यथास्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

२) दफा ३ बमोजिम समायोजन तह मिलान भएका गाउँपालिका अनतर्गत रहेका स्थानीय सेवाका कर्मचारीहरुलाई समायोजन पश्चात गाउँपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरवन्दी बमोजिम मिल्दो सेवा समुहको पदमा प्रमुख प्रशासकिय अधिकृतबाट पदस्थापन गरिने छ ।

**६ समायोजन भएका कर्मचारीको सेवा सुविधा ।**

यस ऐन बमोजिम समायोजन भएका गाउँपालिकाका कर्मचारीहरुको तलब तथा अन्य सुविधा प्रचलित कानुनले तोके वमोजिम हुनेछ ।

**७ जेष्ठताको गणना :**

१) यस ऐन बमोजिम समायोजन हुने कर्मचारीहरुको जेष्ठता समायोजन हुनु पुर्वको तहमा काम गरेको अवधिलाई समायोजन भई कायम हुने पदका लागि गणना हुनेछ ।
२) उपदफा (१) बमोजिम जेष्ठता गणना भएतापनि समायोजन पश्चात पद बमोजिमको सेवा , सुविधा भने यो ऐन जारि भए पछि मात्र लागु हुने छ ।

**८ समिति :**

१) दफा ३ बमोजिमको समायोजन तह मिलानका लागि आवश्यक प्रशसनिक कार्यसम्पादन गर्न तथा समायोजन / वढुवा सिफारीसको निम्ति देहाय कमोजिमको समिति रहनेछ । सो समितिको सिफारिसलाई आधार मानी प्रमुख प्रशासकिय अधिकृतले समायोजन तह मिलान (बढुवा) को यो पत्र दिने छ ।
बरिष्ठतम अधिकृत, सखुवा प्रसौनी गाउँपालिका - संयोजक

प्रमुख प्रशासकिय अधिकृत तोकेको सखुवा प्रसौनी गाउँपालिकाको अधिकृत -सदस्य
प्रशासन शाखख प्रमुख , सुखवा प्रसौनी गाउँपालिका - सदस्य सचिव

**९) स्थयी पदपुर्ति सम्बन्धी विशेष व्यवस्था**

(१) साविकका स्थानीय निकाय र सखुवा प्रसौनी गाउँपालिकाको स्वीकृत दरवन्दीको अधिकृतस्तर छैठौ तह, सहायक स्तर पाचौ र चौथो तहमा करार सेवामा काम गरी यो ऐन प्रारम्भ हुँदाका वखत सम्म अविछिन्न रुपमा सोही पदमा कार्यरत कर्मचारीहरु वीच मात्र सोही पदमा छुटै आन्तरीक प्रतिस्पर्धात्मक परीक्षा संचालन गरी एकपटकको लागि स्थायी पदपुर्ति गर्न सकिनेछ ।

(२) श्रेणी विहीन पदमा स्थायी रुपमा लगातार ८ वर्ष कार्यरत कर्मचारीहरुलाई निजले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको आधारमा आन्तरीक प्रतिस्पर्धा गराई सहायक स्तर चौथो तह (पद) मा पदपुर्ति गर्न सकिने छ ।

(३) उपदफा १ र २ बमोजिमको प्रतिस्पर्धात्मक परीक्षा सञ्चालनका लागि प्रदेश लोक सेवा आयोग मधेश प्रदेशलाई अनुरोध गरिनेछ ।

**१०) स्थानीय तह कर्मचारीको समायोजन र व्यवस्थापन सम्बन्धमा संघीय सरकारले जारी गर्ने स्थानीय तहका कर्मचारी व्यवस्थापन सम्बन्धी मापदण्ड मा उल्लेखित कानुनी व्यवस्था सँग यो ऐनको व्यवस्था बाझिएमा बाझिएको हदसम्म निस्कृय हुनेछ ।**

**११) आवश्यक व्यवस्था मिलाउने :**

यो ऐन कार्यान्वयन गर्ने क्रमका कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकुल नहुने गरि आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

अनुसूची -१

दफा ४ उपदफा (२) सँग सम्बन्धित

समायोजन ( तह मिलान ) तत्र

पत्र संख्या :   मिति :......................

चलानी :

श्री .............................................................................

...........................................................................................

विषय: - समायोजन (तह मिलान) गरिएको सम्बन्धमा ।

सखुवा प्रसौनी गाउँपालिका कर्मचारीहरुको व्यवस्थापन  गर्न बनेको ऐन २०७८ कमोजिम आजैका मिति देखि लगु हुने गरी तपाईलाई देहाय बमोजिमको पद तथा तहमा पुल दरवन्दीमा रहने गरी समायोजन ( तह मिलान ) गरीएको छ ।

समायोजन ( तह मिलान )  हुनु भएकोमा बधाई छ , तपाईको उज्जवल भविषयको कामना गर्दछु ।

तपसित : -

| हाल कार्यरत पदको विवरण | समायोजन गरिएको विवरण |
|---|---|
| पद | पद |
| तह | तह |
| सेवा | सेवा |
| समुह | समुह |
| नियुक्ति मिति | नियुक्ति मिति |

बोधार्थ : -

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय , सिंहदरवार ।

श्री मुख्यमन्त्री  तथा मन्त्रिपरिषदको कार्यालय, मधेश प्रदेश जनकपुर ।

श्री कर्मचारी संचय कोष, ठमेल , काठमाण्डौ ।

श्री नागरिक लगानी कोष,नयाँ बानेश्शर ।

श्री आर्थिक प्रशासन महाशाखा , सुखवा प्रसौनी गाउँपालिका।

**आज्ञाले,**

**देवनाथ साह**

**प्रमुख प्रशाखकिय अधिकृत**

**सखुवा प्रसौनी गाउँपालिका**